# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### SARFII को नेतृत्व राष्ट्र बैंकमा हस्तान्तरण

### गभर्नर अधिकारी अध्यक्ष चयन



South Asia Region Financial Inclusion Initiative (SARFII) को नेतृत्व नेपाल राष्ट्र बैंकमा हस्तान्तरण भएको छ ।

नेतृत्व हस्तान्तरणसँगै बैंकका तर्फबाट गभर्नर महाप्रसाद अधिकारी SARFII को अध्यक्ष चयन हुनुभएको छ । मध्य अमेरिकी मलुक एल्साल्भाडोरको राजधानी सान्साल्भाडोरमा २ सेप्टेम्बर, २०२४ देखि जारी 'Alliance for Financial Inclusion (AFI) - Global Policy Forum' को बैठक चलिरहेको छ । सो बैठकअन्तर्गत आज आयोजित '5th SARFII Leaders Roundtable' का क्रममा SARFII को अध्यक्षता नेपाल राष्ट्र बैंकमा हस्तान्तण भएको हो । सो अवसरमा गभर्नर अधिकारी भर्चुअल माध्यमबाट सहभागी भई बैठकको अध्यक्षता ग्रहण गर्नुभयो ।

बैठकले स्टेट बैंक अफ पाकिस्तान (SBP) लाई SARFII को उपाध्यक्ष चयन गरेको छ । यसअघि SARFII को नेतृत्व माल्दीभ्स मनिटरी अथोरिटीमा थियो भने राष्ट्र बैंकका तर्फबाट गभर्नर अधिकारी उक्त सञ्जालको उपाध्यक्ष हुनुहुन्थ्यो ।

सन् २०२२ सेप्टेम्बरमा जोर्डनको डेड सीमा सम्पन्न 'Global Policy Forum' को बाह्रौं बैठकका क्रममा SARFII स्थापना भएको थियो । नेपाल राष्ट्र बैंकसहित बङ्गलादेश, भुटान, माल्दीभ्स, पाकिस्तान र श्रीलङ्काका केन्द्रीय बैंकहरू उक्त सञ्जालमा आबद्ध छन् ।

क्षेत्रीयस्तरमा ज्ञान आदानप्रदान, क्षमता अभिवृद्धि र संयुक्त सिकाइ अभ्यास, प्राविधिक सहायताको कार्यान्वयन, विश्वव्यापी र क्षेत्रीयस्तरका असल अभ्यासको अनुसरण गर्दै सबै वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्नेलगायतका उद्देश्यसहित SARFII स्थापना गरिएको थियो ।

२०८१ भदौ १८ गते

गभर्नरको कार्यालय